लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत
प्रदेश ३ मा आयोजित लैंगिक हिंसा अन्त्यको लागि सरोकारवाला निकायको जिम्मेवारी र भूमिका
बिषयक २ दिने अन्तरक्रिया कार्यक्रमको समापन

लैंगिक हिंसा र दुर्व्यबहार, छैन हामीलाई स्वीकार भन्ने मूल नाराका साथ लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत प्रदेश ३ मा आयोजित लैंगिक हिंसा अन्त्यको लागि सरोकारवाला निकायको जिम्मेवारी र भूमिका बिषयक २ दिने अन्तरक्रिया कार्यक्रमको आज समापन भयो | समापन समारोहको अध्यक्षता गरिरहनु भएका महिला बालबालिका तथा जेस्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रि थाम माया थापाले समापन मन्तब्य राख्दै २ दिने कार्यक्रम सफल भएको बताउनु भयो | सो अबसरमा माननीय मन्त्रि थापाले सहभागिताको लागि धन्यवाद दिदै समूह छलफल समेतका आधारमा सहभागीहरुले फदिएको सुझावलाई मन्त्रालयले कार्ययोजना बनाई लागु गर्ने प्रतिबद्धता जनाउनु भयो | उक्त अबसरमा महिला, बालबालिका जेस्ठ नागरिक मन्त्रालयले गर्ने कार्य हाल महिला तथा बालबालिका कार्यालय नभएको अबस्थामा सबै कम स्थानीय सरकारसंग जोदियाको छ भन्दै मन्त्रलले स्थानीय सरकारसंग हातेमालो गरि कार्यक्रमहरु संचालन गर्ने गणकारी दिनुभयो |

समापन हुनुभन्दा पहिले ५ समुहमा बिभाजन भएको प्रत्येक समूहले आआफ्नो समुहमा छलफल गरि लैंगिक हिंसाको पहिचान, लैंगिक हिंसा निबारंणको लागि कार्ययोजना तथा आबश्यक संरचना बिषयमा प्रस्तुति गरेका थिए |

लैंगिक हिंसा निबारणमा उल्लेख्य उपलब्धि हासिल हुन सक्ने गरि गरियको प्रस्तुतिमा  आर्थिक , सामाजिक, संस्कृतिक, मनोबैज्ञानिक तथा राजनैतिक रुपमानै हिंसा हुने गरेकोले बिशेष कार्ययोजना र सो लाई सम्बोधन हुने गरि प्रदेश, पालिका, वार्ड तथा टोलमा समेत संयन्त्रको बिकास गरि सबै क्षेत्र , तह बाट लग्नु पर्ने बिषय मुख्य रुपमा उठेको थियो |